फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम

अध्यक्षः ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अः- ९८५२०८०६००

१ नं. प्रदेश नेपाल

प.सं. २०७५/०७६

च.नं. ६२६

मितिः २०७५/१०/१७

बिषयः सूचना टाँस गर्ने बारे ।

श्री सबै वडा कार्यालयहरु
फेदाप गाउँपालिका
पोक्लावाङ, तेह्रथुम

प्रस्तुत विषयमा यस फेदाप गाउँपालिका पशु सेवा शाखा पोक्लावाङ, तेह्रथुमको आ.व. २०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसारको प्रस्ताव आव्हानको सूचना यसै पत्रसाथ संलग्न राखी पठाईएको छ । ताहाँ प्राप्त भएपछि सूचना पाटीमा टाँस गरी जानकारी पठाईदिनुहुन अनुरोध छ ।

वोधार्थ

श्री सूचना तथा प्रविधि शाखा फेदाप गाउँपालिका पोक्लावाङ्ग, तेह्रथुमः

वेवसाईडमा सूचना र पत्र वेवसाईड, फेसवुक पेज र ग्रुप च्याटमा गरिदिनुहुन ।

१०/१८

दुर्गा प्रसाद ढुङ्गाना
नि. प्रमुख प्रशासकीय अधिकृत

फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लाबाङ, तेह्रथुम

अध्यक्षः ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अ.- ९८५२०८०६००

प.सं. २०७५/०७६ | १ नं. प्रदेश नेपाल

# युवा स्वरोजगार कार्यक्रम संचालनको लागि प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७५/१०/१७

यस कार्यालयको आ.व. २०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई पशु उत्पादन (व्यवसायिक गाई भैसी पालन/बंगूर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपन्छी बजार प्रवर्द्धन) सम्बन्धि कार्यक्रमको माध्यमबाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक १८ देखी ५० बर्ष उमेरमा अर्ध वेरोजगारी/वेरोजगारी युवाहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावक युवा साझेदारी फार्महरुले सरकारी निकायबाट विगत २ आर्थिक बर्ष सम्ममा नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेका फार्महरु छनौट प्रकृयामा समावेश हुने छैनन् । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ । पुनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

*कार्यक्रम विवरण*

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी रकम रु. | आवेदकहरु |
|---|---|---|---|---|
| १ | व्यवसायिक गाई भैसी पालन/बंगूर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपन्छी बजार प्रवर्द्धन अनुदान | ५ वटा | ७५% वा ५० हजार | समूह/समिति/निजि फर्म/कृषि सहकारी |
| २ | डेरी प्रवर्द्धन अनुदान | १ वटा | ७५% वा १ लाख | समूह/समिति/निजि फर्म/कृषि सहकारी |

तपसशिल

१) अनुसूची २ अनुसारको आवेदन फाराम ।
२) अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना ।
३) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
४) वडा कार्यालयको सिफारिस पत्र।
५) अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौता पत्र आदि) को प्रतिलिपिहरु ।
६) निजि फर्म/समूह/समिति/सहकारी सम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि ।
७) अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा लिएको भए सम्झौता पत्र आदि) आदिका *प्रतिलिपिहरु ।*
८) वैदेशिक रोजगारबाट फर्केका युवाहरुको हकमा पासपोर्टको प्रतिलिपि ।
९) पर्यावरणिय असरको न्यूनीकरण गर्ने उपाय र जैविक सुरक्षा सम्बन्धि विवरण ।
१०) निजि फर्म/समूह/समिति/सहकारीका सदस्यहरुको परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिबद्धता ।

पशु सेवा शाखा प्रमुख

दुर्गा प्रसाद ढुङ्गाना
नि. प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत